मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
०४८-५४०११२
०४८-५४०५३२

कृषि: २०८२/८३

पत्र संख्या :-
चलानी नं. :-

## कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना।
## पहिलो पटक प्रकाशित मिति २०८२/१२/०९

मन्थली नगरपालिकाको चालु आ.व. ०८२/०८३ को वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने भएकोले यस कार्यालयमा दर्ता/सूचीकृत भएका इच्छुक कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८२/१२/२३ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित वडा कार्यालय वा यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ।

| क्र. सं. | कार्यक्रम विवरण | संख्या | मापदण्ड | बजेट रु. | अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम | १ | अनुसुची-४ (दफा ४ को उपदफा ३ सँग सम्बन्धित) बमोजिम | १५,००,००० | साना कृषि यन्त्र उपकरण (रु. पाँच हजार भन्दा न्यून मूल्य पर्ने) को लागत मूल्यमा बढीमा ५० प्रतिशत रकम र अन्य यन्त्र उपकरणमा बढीमा ३० प्रतिशत रकम लागत साझेदारी गर्नेछ। | |

आवश्यक कागजातहरु:

१. कार्यक्रम माग गर्ने सम्बन्धी कार्यविधिको अनुसूची-२ बमोजिम प्रस्ताव र माग फाराम।
२. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
३. संस्था दर्ता/नवीकरण र इजाजत पत्रको प्रतिलिपि।
४. स्थायी लेखा नं. र गत आ.व. को कर चुक्ता विवरण (समूहको हकमा अनिवार्य नरहेको)।
५. सामूहिक संस्थाको हकमा संस्थागत निर्णयको प्रतिलिपि।
६. जग्गा धनी पुर्जाको प्रतिलिपि (भाडाको जग्गा भएमा कम्तिमा ३ वर्षको सम्झौता) र गत आ.व. सम्मको तिरो तिरेको रसिदको प्रतिलिपि।
७. सम्बन्धित वडाको सिफारिस पत्र।
८. अनुसूची ३ बमोजिमको प्रतिवद्धता।
९. यस नगरपालिकाको भू-उपयोग मापदण्ड अनुसार भू-वर्गीकरण गरिएको कृषि क्षेत्र बाहेक अन्य क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा न्यूनतम ३ वर्ष कृषि बाहेक अन्य गतिविधि नगर्ने प्रतिवद्धता।

प्रमुख प्रशासकीय अधिकृत

: ito.manthalimun@gmail.com
: www.manthalimun.gov.np

### अनुसुची-२
### (दफा ४ को उपदफा २ सँग सम्बन्धित)
### आवेदन पेश गर्ने ढाँचा

मितिः ...............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मन्थली नगरपालिकाको कार्यालय, रामेछाप।

**विषयः कृषि यन्त्र उपकरण प्रवर्द्धन कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे।**

महोदय,

प्रस्तुत विषयमा मन्थली नगरपालिकाबाट मिति ............................... गते कृषि यन्त्र उपकरण प्रवर्द्धन कार्यक्रम संचालन गर्ने सम्बन्धी प्रकाशित सूचना बमोजिम म/हामीलाई माग फाराममा उल्लेख गरे अनुसारको कृषि यन्त्र उपकरण.....................................रोपनीमा .........................................बाली खेती गर्न आवश्यक परेको हुँदा नियमानुसार उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौं।

निवेदक
नाम, थरः
वडा नं
टोल/बस्तीको नामः
सम्पर्क नं

संलग्न कागजातहरु

१. कार्यक्रम माग गर्नेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२. संस्था दर्ता/नवीकरण र इजाजत पत्रको प्रतिलिपि।
३. सामूहिक संस्थाको हकमा निर्णय प्रतिलिपि।
४. स्थायी लेखा नं. र गत आ.व. को कर चुक्ता विवरण।
५. जग्गाधनी पूर्जाको प्रतिलिपि (जग्गा भाडामा लिएको भए कम्तिमा ३ वर्षको सम्झौता)।
६. गत आ.व. मा तिरो तिरेको रसिदको प्रतिलिपि।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
८. अनुसुची ३ र माग फाराम विवरण।
९. यस नगरपालिकाको भू-उपयोग मापदण्ड अनुसार भू-वर्गीकरण गरिएको कृषि क्षेत्र बाहेक अन्य क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा न्यूनतम ३ वर्ष कृषि बाहेक अन्य गतिविधि नगर्ने प्रतिवद्धता।

## कृषि यन्त्र उपकरण माग फाराम

क) साझेदारको विवरण

१. संस्थाको नामः

२. ठेगानाः मन्थली नगरपालिका, वडा नं. ......... टोल ..........................

३. सम्पर्क व्यक्तिको नामः

४. सम्पर्क नं.

५. लाभान्वित हुने कृषक संख्याः प्रत्यक्ष .............. अप्रत्यक्ष ............

६. कृषि यन्त्र प्रयोग गर्ने बालीः

७. प्राप्त गर्न चाहेको कृषि यन्त्रको विवरण

| क.सं. | यन्त्रको नाम | ब्राण्ड | मोडल | हर्ष पावर/साइज | मूल्य रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसुची-३

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

प्रतिवद्धता पत्र

मन्थली नगरपालिकाको कार्यालयबाट मिति ....................................... गते प्रकाशित सूचना अनुसारको कृषि यन्त्र उपकरण प्रवर्द्धन कार्यक्रमको लागि सहभागी हुन आवश्यक कागजात र विवरण पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौट भएको खण्डमा कार्य योजना र कार्यविधिमा उल्लेख भए बमोजिम कार्य गर्नेछु/छौं। अन्यथा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला।

इति सम्वत् २०......./.........../.........

नाम, थर:

ठेगाना:

दस्तखत:

संस्थाको नाम:

संस्थाको छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसुची-४
### (दफा ४ को उपदफा ३ सँग सम्बन्धित)
### आवश्यक न्यूनतम मापदण्ड

| क्र.सं. | यन्त्र उपकरण र प्रविधि विवरण | आवश्यक मापदण्ड |
|---|---|---|
| १ | पावर टिलर | कम्तिमा १ हेक्टरमा व्यवसायिक तरकारी खेती गरी रहेको |
| २ | मिनि टिलर | कम्तिमा ०.५ हेक्टरमा खेती गरी रहेको |
| ३ | धान/गहुँ थ्रेसर/मेज सेलर | कम्तिमा १ हेक्टरमा खेती गरी रहेको |
| ४ | कम्बाइन राइस मिल | दैनिक औषतमा ५० किलो अन्नबाली कुटानी हुनु पर्ने |
| ५ | डिस्क मिल | कम्तिमा १ हेक्टरमा खेती गरी रहेको |
| ६ | स्प्रेयर | कम्तिमा ०.५ हेक्टरमा खेती गरी रहेको |
| ७ | फोगर सेट | कम्तिमा १८० वर्गमिटरको १ वटा पक्की प्लाष्टिक घर भएको वा २००० किलो च्याउको बीउ खेती गरी रहेको |
| ८ | एलुमिनियम भऱ्याङ | कम्तिमा ०.५ हेक्टरमा फलफूल खेती गरी रहेको |
| ९ | सिकेचर/प्रुनिङ सः | कम्तिमा २ रोपनीमा फलफूल/फूल खेती वा १४० वर्गमिटर प्लाष्टिक घरमा तरकारी/फूल खेती गरी रहेको |
| १० | थोपा सिंचाई प्रविधि/डिजिटल तराजु/प्लाष्टिक क्रेट/प्लाष्टिक मल्चिङ | कम्तिमा २ रोपनी खुला ठाउँमा वा १४० वर्गमिटर प्लाष्टिक घरमा तरकारी/फूल खेती गरी रहेको |
| ११ | एटयाचमेन्टहरु | कम्तिमा ०.५ हेक्टरमा खेती गरी रहेको |
| १२ | एक्जष्ट फयान | कम्तिमा १८० वर्गमिटरको १ वटा पक्की प्लाष्टिक घरमा खेती गरी रहेको |